**मिति २०८०।०२।२८ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०७९/०८० को सोह्रौं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२क. बमोजिम गैंडाकोट नगरका विभिन्न घाटहरुबाट गैंडाकोट नगरपालिकाले दहत्तर बहत्तर (नदी जन्य पदार्थ) बिक्रि गरी प्राप्त रोयल्टी रकम देहाय बमोजिम बाँडफाँट गरी सम्बन्धित कोषहरुमा दाखिला गर्ने निर्णय गरियो।

(क) विभिन्न राष्ट्रिय गौरव एवं प्राथमिकता प्राप्त आयोजना र स्थानीय उपभोक्ताहरुलाई नदिजन्य पदार्थ विक्रीको क्रममा र निजी जग्गाहरुबाट माटो एवं ढुङ्गा विक्रीको अनुमति दिने क्रममा संकलन भएको पर्यावरण शुल्क मर्मत संभार कोषमा दाखिला गर्ने।

(ख) भरतपुर महानगरपालिका र गैंडाकोट नगरपालिका बीच मिति २०८०/०१/२० मा भएको समझदारी अनुरुप गैंडाकोट नगरपालिका र भरतपुर महानगरपालिकाको सिमा क्षेत्रमा नारायणी नदि बिचमा रहेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार विक्री भएको नदिजन्य पदार्थको सम्झौता बमोजिमको ५० प्रतिशत रकम भरतपुर महानगरपालिकालाई उपलब्ध गराउने।

(ग) नगर कार्यपालिकाको मिति २०७९/०९/१४ निर्णयानुसार नदिजन्य पदार्थ उत्खनन गरी घाटगद्दी गर्दा भएको खर्च बापतको रकम विपद् व्यवस्थापन कोष तथा सम्बन्धित योजनामा सोधभर्ना गर्ने।

(घ) माथि खण्ड (क), (ख) र (ग) पश्चात बाँकी रहेको रकम स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२क. को उपदफा (३) बमोजिम नगरको आन्तरिक आयको रुपमा आम्दानी बाँधी स्थानीय संचित कोषमा दाखिला गर्ने।

**निर्णय नं. २** गैंडाकोट नगरक्षेत्र रहेका जग्गाहरुको आगामी आ.व.२०८०/०८१ का लागि जग्गा रजिष्ट्रेशन प्रयोजनका लागि न्यूनतम थैली अंक कायम गर्ने सन्दर्भमा चालू आ.व. २०७९/०८० को नै यथावत रहने गरी सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो।

**निर्णय नं.३** गैंडकोट नगरपालिका वडा नं. १४ अमरापुरी देखि भागर जाने सडकखण्डमा पर्ने निजि जग्गाहरुको माटो उत्खनन गर्न अनुमति प्राप्त सुपा निर्माण कम्पनी प्रा.लि. काठमाण्डौं र यस नगरपालिकाका बीच मिति २०७६ कार्तिक २१ मा भएको सम्झौता अनुसारको कार्य शर्त पुरा नगरेको र सार्वजनिक सूचना जारी गर्दा समेत सम्पर्कमा आई कार्य शुरु नगरेकोले प्रचलित कानून बमोजिम सम्झौता कार्यान्वयन गराउन वा सम्झौता बमोजिमको कार्य सम्पन्न गराउदा लाग्ने खर्च क्षतिपूर्तिको लागि सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने र यसरी मुद्दा दायर गर्न, तथा नगरको तर्फबाट सो मुद्दाको प्रतिरक्षा गर्न यस नगरपालिकाका कानूनी सल्लाहकार श्री जनकराज ढुङ्गानालाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं.४** गैंडकोट नगरपालिकाको प्रज्ञा प्रतिष्ठान ऐन,२०७९ मा भएको व्यवस्था बमोजिम ऐन को दफा १० अनुसार एक जना महिला सहित ४ जना कार्यपालिका सदस्यहरुलाई देहाय बमोजिम प्रज्ञा सभा सदस्यमा मनोनित गर्ने निर्णय गरियो।

१. श्री गोविन्द प्रसाद सुवेदी
२. श्री गोपी कँडेल
३. श्री शान्ती न्यौपाने
४. श्री ईश्वरी जि.सी.

मुक्तिराम गिरी
प्रमुख प्रशासकिय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरकार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ५** गैंडाकोट वडा नं. १२ को वडा कार्यालयबाट सिफारिस भई आएको घर गोठ आगालागी भई विपद्जन्य दुर्घटनाबाट धनजनको क्षति पुगेका श्री ऋषिनाथ उपाध्यायलाई वडाको सिफारिस तथा प्रहरी मुचुल्का समेतका आधारमा रु.५० हजार राहत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६** देहायका संस्थाहरुलाई देहाय बमोजिमको रकम अन्य संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने ।

- ट्राफिक सप्ताह मनाउने क्रममा खर्च भएको भनी ट्राफिक प्रहरी कार्यालय कावासोतीबाट माग भई आए बमोजिमको रकम रु. ५०,०००।
- मालपोत कार्यालय कावासोती बाट मालपोत कार्यालयका श्रेस्ताहरु वाईण्डिङ गर्ने क्रममा भएको खर्च बापतको माग भई आए बमोजिम रकम रु.१,४९,१६०/-
- ह्याप्पी एफ.एम.१०३.८ देवचुलीले घडियाल काब्य महोत्सवको क्रममा खर्च भएको भनी पेश भए बमोजिमको रुकम रु. ५०,०००।-

**निर्णय नं. ७** मिति २०७९।०६।१३ मा सम्पन्न आ.व. ०७९।८० को तेस्रो कार्यपालिका बैठकको निर्णयानुसार लागत सहभागिताको योजना कार्यान्वयनको लागि गैंडाकोट वडा नं. १ को मौलाकालिका मार्गको स्वागत गेट देखि पश्चिम आधारभुत स्वास्थ्य केन्द्र जाने बाटो  कालो पत्रे गर्ने योजना छनौट भएकोमा तेस्रो कार्यपालिका बैठकको निर्णयका शर्तहरुका आधारमा लागत अनुमान तयार गरी ३० दिन भित्र उपभोक्ताको हिस्सा स्थानीय संचित कोषमा दाखिला गर्न लगाई कार्यान्वयनको प्रक्रिया अगाडी बढाउने  भनिएकोमा हाल सम्म पनि उक्त योजना सम्झौताको लागि उपभोक्ता समितिबाट रकम जम्मा भई नआएकोले उक्त लागत सहभागिताको योजनालाई सम्बन्धित वडाको सिफारिस समेतका आधारमा नगरपालिकको तर्फबाट रु. १५ लाख बजेटमा ४० प्रतिशत सम्बन्धित उपभोक्ता समितिको सहभागिता हुने गरी उक्त वडाको शुभ टोल अन्तर्गको हरियाली मार्गमा मोजायक टायल लगाउने र श्रीनगर एक्लेसाल टोल अन्तर्गत शुवेदार मार्ग ढलान गर्ने योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिकाको आ.व. २०७९/०८० मा स्वीकृत वार्षिक कार्यक्रमका योजनाहरु मध्ये उपभोक्ता समितिसँग सम्झौता भई तोकिएको समयमा सम्पन्न हुन नसकेका योजनाहरुको आगामी २०८०।०३।१५ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** गैंडाकोट नगरपालिकामा कार्यरत  अ.सब ईन्जिनियर श्री प्रशान्त ढकाल सरकारी कामको सिलसिलामा मिति २०७९/११/१८ मा दुर्घटनामा परी घाईते भएकोले निजामती सेवा नियमावली २०५० को नियम ९७ को उपनियम (३) बमोजिम निजको उपचारको क्रममा खर्च भएको रकम वार्षिक बजेट तथा कार्यक्रमामा विनियोजन भएको उपचार खर्च शिर्षक बाट शोधभर्ना दिने निर्णय गरियो ।

**निर्णय नं. १०** गैंडाकोट नगरपालिका वडा नं. ९ स्थित थुम्सी देखी नारायणी बगर सम्म जाने नदिजन्य पदार्थ निकासीको क्रममा प्रयोग हुने सडक स्तरोन्नतीको लागि लागत अनुमान तयार गरी बहुवर्षिय ठेक्का आव्हान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ११** गैंडाकोट नगरपालिका वडा नं. ७ स्थित जयश्री पुल देखि मासु फ्याक्ट्रि सम्मको नदिजन्य पदार्थ उत्खनन तथा निकासीको क्रममा प्रयोग हुने सडक ढलानको लागि लागत अनुमान तयार गरी बहुवर्षिय ठेक्का आव्हान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १२** गैंडाकोट नगरपालिका वडा नं.६ र ७ मा घाटगद्दी गरि राखिएको नदिजन्य पदार्थ मध्ये ठेक्का नं. 03/IR/NCB/GMO/079/080 को ३४,२०५.८३ घन मिटर र ठेक्का नं. 04/IR/NCB/GMO/079/080 को ४३,८७७.९०. घन मिटर नदिजन्य पदार्थ गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ बमोजिम ३ पटक सम्म ठेक्का आव्हान गर्दा समेत विक्री हुन नसकेकोले सो नदिजन्य पदार्थ विक्रीको लागि पुन: कम्तिमा ७ दिनको समय दिई विद्युतीय बोलपत्र आव्हान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १३** गैंडाकोट नगरपालिका विभिन्न वडाबाट निर्णय गरी सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

| वडा नं. | साविकको योजना | रकम | परिवर्ति योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| १३ | ऋषिंग टोल खोला तटबन्धन २ लाख मध्ये र आभारभुत स्वास्थ्य ईकाइ रु २ लाख बाट | रु.४,००,००० /- | वेल्डिहा शान्ति मार्गको लागि | रु.२,००,०००/- |
| १३ | आभारभुत स्वास्थ्य ईकाइको आ.व.२०७८/०७९ को क्रमागत तर्फको | रु.१,२७,००० /- | ढोलबाजा क्षेत्रमा बिद्युत पोल तथा तार बिस्तार | रु.४८,०००/- |
| ७ | नरिश्वरको घरदेखि सोमला टोलसम्म जाने बाटो पिच सि.नं. ४४५ र समला टोल बाटो स्तरोउन्नति सि.नं. १९८ | रु.२०,००,०००/- | सोमला टोलको कल्भर्ट निर्माण र तारजाली लगाई बाटो ग्रावेल | रु. २०,००,०००/- |
| ९ | आधारभूत विद्यालयका लागि जग्गा खोजी तारवार लगाउने | रु.२,००,००० /- | हरि ॐ सत्संग साधना सदन भित्र गणेश मन्दिर निर्माण | रु.२,००,०००/- |
| ९ | नमूना साँस्कृतिक कार्यक्रमको रु ५० हजार र सुत्केरी पोषण खर्च को बाँकी रु ५० हजार | रु.१,००,००० /- | आधारभुत स्वास्थ्य ईकाइका लागि फ्रिज खरिद रु.५० हजार र वडा कार्यालय धारा, पानी, बिजुली मर्मत लगायत विविध खर्च रु ५० हजार | रु.१,००,०००/- |

मुक्तिराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मधुन भक्त अधिकारी
नगर प्रमुख